# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय स्याङ्जा।

**सभा संचालन मितिः-२०८१/०३/०९**

**स्थानः- सिटीहल स्याङ्जा बजार**

**सभा संख्याः- १५**

**पन्ध्रौं नगरसभाका निर्णयहरुः-**

**निर्णय नं १ :**

सभामा नगरप्रमुख श्री तुलसी राम रेग्मीबाट पेश भएको पुतलीबजार नगरपालिकाको आ.व २०८१/०८२ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो। उक्त निती तथा कार्यक्रम यसै साथ् संलग्न रहेको छ।

**निर्णय नं २ :**

सभामा नगर उपप्रमुख श्री देवी अर्यालबाट प्रस्तुत भएको पुतलीबजार नगरपालिकाको आ.व.२०८१/०८२ को बजेट वक्तव्य स्वीकृत गर्ने निर्णय गरियो। उक्त बजेट वक्तव्य यसै साथ् संलग्न रहेको छ।

**निर्णय नं ३ :**

सभामा नगर उपप्रमुख श्री देवी अर्यालबाट प्रस्तुत भएको पुतलीबजार नगरपालिकाको आर्थिक विधेयक २०८१ स्वीकृत गर्ने निर्णय गरियो। उक्त आर्थिक विधेयक यसै साथ् संलग्न रहेको छ।

**निर्णय नं ४ :**

सभामा नगर उपप्रमुख श्री देवी अर्यालबाट प्रस्तुत भएको पुतलीबजार नगरपालिकाको विनियोजन विधेयक २०८१ स्वीकृत गर्ने निर्णय गरियो। उक्त विनियोजन विधेयक यसै साथ् संलग्न रहेको छ।

**निर्णय नं ५ :**

नगरसभाका सदस्य एवं विधायन समितिका संयोजक अनिता रुचालबाट स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २० बमोजिम सभामा प्रस्तुत भएको पुतलीबजार नगरपालिकाको प्रज्ञा प्रतिष्ठान ऐन २०८० को प्रतिस्थापन विधेयक २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ६ :**

नगरसभाको पन्ध्रौं बैठकलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुर्याउनु हुने राजनितिक दलहरु, माननीय ज्यूहरु, सरकारी तथा गैरसरकारी निकायहरु, नागरिक समाज, बुद्धिजिवि , निजी क्षेत्र, टोल विकास संस्था, संचारकर्मी, समाजसेवी एवं आम नगरवासी र राष्ट्रसेवक कर्मचारी प्रति धन्यवाद प्रकट गर्ने निर्णय गरियो।

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रे.
नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं ७ :**

न्यायिक समिति, संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन समिति र विधायन समितिका संयोजकबाट पेश भएका प्रतिवेदनहरु पारीत गर्ने निर्णय गरियो ।

**निर्णय नं ८:**

नगर कार्यपालिकाको विभिन्न बैठकले नगर सभामा पेश गर्ने गरि विभिन्न मितिमा गरेका निर्णयहरु, नगर कार्यपालिकाका विभिन्न मितिमा भएका बैठकका निर्णयहरु, विभिन्न विषयगत र अन्य समितिबाट निर्णय भई अनुमोदन हुने गरी गरिएका विभिन्न निर्णयहरु तथा नगरप्रमुख स्तरीय निर्णय अनुसार विभिन्न कोष तथा शीर्षक बाट खर्च हुनेगरी प्रदान गरिएका रकम तथा आर्थिक सहायता, पदपूर्ति सम्बन्धी निर्णय र विनियोजन भएका योजनागत विविध कार्यहरुको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

उपभोक्तबाट सञ्चालन हुने योजनामा उपभोक्ताले गर्नुपर्ने नगद सहभागिता अंश वापतको रकम सम्बन्धित उपभोक्ता समितिको बैङ्क खातामा जम्मा गर्न लगाई योजना तथा कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १० :**

१५ औं नगर सभामा नीति तथा कार्यक्रम, आर्थिक विद्येयक, विनियोजन विद्येयक, लगायत स्थानीय तह संस्थागत क्षमता स्वःमुल्यांकन ( LISA) का लागि आवश्यक पर्ने विभिन्न कार्यविधि र मापदण्ड समेत निर्माण गर्नुपर्ने आवश्यकता भई कार्यालय समयको अतिरिक्त समयमा समेत काम गराउन पर्ने, सार्वजनिक विदामा समेत काम गराउन पर्ने अवस्था सिर्जना भएकोले नगर सभा र उल्लेखित कार्यमा अहोरात्र खटाइएका प्रमुख प्रशासकीय अधिकृत सहित आर्थिक प्रशासन शाखा, प्रशासन शाखा, शिक्षा युवा तथा खेलकुद शाखा, पुर्वाधार शाखा, सूचना प्रविधि शाखा, आ ले प शाखा, राजश्व शाखा लागायतका शाखामा कर्मचारीहरुलाई  कार्यबोझ तथा दक्षताको सिद्वान्तको आधारमा मासिक खाइ पाई आएको तलब रकमको १५ दिन देखि डेढ महिना सम्मको तलब रकम प्रोत्साहन स्वरूप खाजा खर्च उपलब्ध गराउने  व्यवस्था हुन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

पुतलीबजार नगरपालिका अर्न्तगत विभिन्न विषयगत समितिका संरचना उपर छलफल गरी  कार्यपालिका द्वारा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम गठन भएका समिति र दफा २२ बमोजिम सभाबाट गठन हुने देहाय बमोजिमको समितिको पदाधिकारीहरुको हेरफेर तथा पूर्नगठन सम्बन्धी निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**देहायः-**

**क.** कानुन तर्जुमा समितिः-

संयोजकः- अनिता रुचाल

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

सदस्यः- रवि सेन

सदस्यः- तारादेवी बि.क.

**ख.** रिक्त पूर्वाधार समितिको सदस्य पदमा - कृष्ण कुमारी रेग्मी

**सभाद्वारा गठन हुने** (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिम)

**क.** सुशासन समितिः-

संयोजकः- अमिर बक्स मियाँ,

सदस्यः- चन्द्र बहादुर गुरुङ,

सदस्यः- मिना दर्जी,

सदस्य सचिवः- प्रशासन शाखा प्रमुख।

**ख.** विधायन समितिः-

संयोजकः- मुबारक मियाँ,

सदस्यः- हिटलर पौडेल,

सदस्यः- लिलावती पौडेल,

सदस्य सचिवः- न्यायिक समितिको सचिवालय तोकिएको कर्मचारी वा कानून शाखा प्रमुख।

**निर्णयनं १२:-**

विगत तथा चालु आ.व.मा ठेक्का सम्झौता भई संचालनमा रहेका तपसिलका योजनाहरुको कार्यसम्पन्न नभएको र ठेक्काको म्याद समाप्त भएको हुदा कार्यालयलाई थप आर्थिक दायित्व नपर्ने गरी उल्लेखित अबधि सम्मका लागि म्याद थप गरी थप गरिएको म्याद भित्र काम सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिने निर्णय गरियो।

तपसिल:

| क्र.स. | योजनाको नाम /निर्माण व्यवसायीको विवरण | सम्झौता रकम रु. | सम्झौता मिति | म्याद रहेको मिति | म्याद थप गरिएको मिति |
|---|---|---|---|---|---|
| | नयाँबजारठुलाडिही-सडक स्तरोन्नती कार्य ( PBM/WORKS/NCB-09/076/077) (वानिया निर्माण सेवा प्रा.लि हेटौडा -१८) | ५,९२,९८,३८१.३८/- | २०७७/०३/३० | २०८०/०९/२९ | असोज मसान्त, २०८१ |
| | टापु सिचाई योजना (05/PM/NCB/WORKS/079/080) ( पि.एस .विकेन्द्र वृहस्पति जे भी, जाजरकोट खलङ्गा ) | १,४९,७२,९१७.०१/- | २०८०/०३/२५ | २०८१/०३/२५ | असोज मसान्त, २०८१ |
| | रामकोस स्वाँरा नयाखोरिया सडक स्तरउन्नति(04/PM/NCB/WORKS/ | ३१,३३,२७८.६७/- | २०८०/१२/१९ | २०८१/०२/३० | असोज मसान्त, २०८१ |

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | 080/81) ( एम.के.सी कन्स्ट्रक्सन पोखरा-७) | | | | |
| ४ | मिनी पावर टिलर खरिद योजना ( 06/PM/SYA/GOODS/NCB/080 /081) ( स्वस्तिक ट्रेडर्स राजापुर वर्दिया ) | ६८,६१,२५०/- | २०८१/०२/०६ | २०८१/०३/१५ | भाद्र मसान्त, २०८१ |
| ५ | कम्प्याक्टर खरिद योजना (08/PM/ NCB /GOODS/ 080/081) ( म्याप इन्टरप्राइजेज प्रा लि , थापागाउँ -१० , काठमाण्डौ ) | ६४,७४,९००/- | सम्झौताको चरणमा रहेको | | भाद्र मसान्त, २०८१ |
| ६ | मसर्का मोहोरिया हुँदै दुलेगौडा सडक (03/PM/NCB/WORKS/080/81)( पञ्चासे कन्स्ट्रक्सन पु ब न पा-१, स्याङ्गजा) | ३४९४०३५.५६/- | २०८०/११/०३ | २०८१/०२/३० | असोज मसान्त, २०८१ |
| ७ | मालेबगर कवर्ड हल निर्माण PBM/WORKS/NCB/07/076/077 ( नया बाटो / जी.एस इन्जिनियरिङ्ग एण्ड विल्डर्स, पोखरा-५, कास्की ) | २,८८,०२,७१० /०२ | २०७७/०३/३० | २०८१/०२ /३० | असोज मसान्त,२०८१ |

**निर्णय नं. १३**

पुतलीबजार नगर सभाले गर्नुपर्ने कार्यहरुका लागि पुतलीबजार नगर कार्यपालिका लाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

न्यायिक समिति मार्फत यस नगरपालिकामा सुचीकृत मेलमिलाप कर्ताहरुको विवरण पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई कार्यबोझ र कार्यसम्पादन स्तर तथा आवश्यकताको आधारमा म्याद थप तथा पूनः सेवा करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो । साथै यस पूर्व केहि सेवा करारका कर्मचारीलाई उपलब्ध गराईदै आएको सञ्चयकोष सुविधा, जेसिबि सञ्चालन वापत जेसिबि चालकलाई मासिक रुपमा उपलब्ध गराईदै आएको अन्य सुविधा खाना तथा खाजा खर्च रु ८०००।- समेत खारेज गर्ने र अधिकृत स्तरको सेवा करारका कर्मचारीलाई रु ४००००।– (सूचना प्रविधि अधिकृतको पूर्ववत नै रहनै गरी), सहायक स्तर पाँचौ कर्मचारीलाई रु ३००००।– र सहायक स्तर चौथो तहका कर्मचारीलाई रु २८०००।- , सवारी चालकलाई यथावत र कार्यालय सहयोगिलाई रु २२०००।– का दरले मासिक पारीश्रमिक उपलब्ध गराउने र निजहरुलाई एक महिना बराबरको खाइपाई आएको तलव रकम चाडबाड खर्च एवं जनहि १०००० का दरले पोशाक भत्ता प्रदान गर्ने निर्णय गरियो । साथै हाल सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन लाई आधार लिई सेवा करार सम्झौता नवीकरण गर्ने तथा शशर्त अनुदान तर्फ प्राप्त पारिश्रमिक सोहि बमोजिम हुने गरी सेवा करार सम्झौता नवीकरण गर्ने र अनुदान कटौती भई सेवा निरन्तरता दिन कठिनाई उत्पन्न हुने स्थिति सृजना भएको अवस्थामा निजहरुको योग्यता, दक्षता र

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रे.
नगर प्रमुख

Scanned with CamScanner

सीपको आवश्यकताको आधारमा आन्तरिकीकरण एवं समायोजन गरी कामकाजमा लगाउने सम्बन्धमा नगर कार्यपालिकाको कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

गण्डकी प्रदेश सरकारद्वारा जारी (स्थानीय सेवा गठन तथा सञ्चालन ) नियमावली २०८० को अनुसुची २ बमोजिम स्थानीय सेवामा रहने पदनाम र न्युनतम शैक्षिक योग्यता तथा अनुसुची १७ र १८ बमोजिम कार्यसम्पादन मुल्याङ्कन प्रयोगमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. १७**

आगामी आ.व. ०८१/०८२ देखि लागु हुनेगरी यस पुतलीबजार नगरपालिकाको निर्वाचित प्रतिनिधीहरुको सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियोः-

- नगरप्रमुख, उपप्रमुख, वडाअध्यक्ष लगायत कार्यपालिका सदस्यको हकमा लगातार ६ वटा कार्यपालिकाको बैठकमा अनुपस्थित भएमा नियम अनुसारको पदाधिकारी सुविधा भुक्तानी नगर्ने ।
- सभा सदस्यको हकमा लगातार वर्षे र हिउँदे गरी दुईवटा नगरसभाको बैठकमा अनुपस्थित भएको अवस्थामा पदाधिकारी सुविधा भुक्तानी नगर्ने ।

**निर्णय नं. १८**

पुतलीबजार नगरपालिकामा मिति २०४८ देखि २०८१ सालसम्म महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको पदमा रहि अतुलनिय सेवा पुर्याउँदै आउनुभएका देहायबमोजिमका स्वयमसेविकालाई सभाबाट सम्मान गर्ने निर्णय गरियो ।

- मिना गुरुङ — पुतलीबजार – २
- प्रेम कु. गुरुङ — पुतलीबजार -२
- सिता रेग्मी — पुतलीबजार -७
- तिल कुमारी पौडेल — पुतलीबजार – ७
- राधा पोखेल — पुतलीबजार – ४

**निर्णय नं. १९**

नगरपालिका बाट आ.व. ०८१/०८२ मा सम्बोधन हुन नसकेका योजना एवं बजेट विनियोजन हुन बाँकी नगर, प्रदेश र संघ स्तरीय योजना तथा कार्यक्रमलाई प्राथमिकता क्रममा योजना बैङ्कको रुपमा राखी क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

यस कार्यालयमा कार्यरत कर्मचारीहरु तथा वडा कार्यालयमा कार्यरत वडा सचिवहरुको कार्यबोझ एवं दक्षताको सिद्धान्तलाई मध्यनजर गरी जुनसुकै समयमा पनि कार्यलयको काममा खटिनुपर्ने मर्म एवं मान्यतालाई व्यवहारिक तवरले अघि बढाउन देहाय बमोजिमको प्रोत्साहन पारिश्रमिक थप गरी प्रदान गर्नुपर्ने आवश्यकता देखि अहोरात्र कामकाजमा खटिने कर्मचारीहरुको लागि

चिरञ्जीवी पौडेल

तुलसी राम
नगर प्रमुख

Scanned with CamScanner

मात्र उल्लेखित दरमा मासिक रुपमा तलब भत्ता संग भुक्तानी हुने गरी तहगत रुपमा उल्लेखित दरले Finger benefit उपलब्ध हुने व्यवस्था मिलाउन लागि सभामा पेश गर्ने निर्णय गरियो ।

**देहाय :**

| तह तथा श्रेणीगत विवरण | रकम |
|---|---|
| अधिकृत सातौं आठौं नौं दसौं | ५००० |
| पाचौं, छैठौं | ४००० |
| चौथो | ३५०० |
| अन्य | ३००० |

**निर्णय नं. २१**

पुतलीबजार नगरपालिका, स्याङ्जा न्यायिक कार्यविधि ऐन, २०७५ मा कार्यपालिकाको मिति २०८०/१२/१९ गतेको बैठकको निर्णय बमोजिम पहिलो संसोधन सम्बन्धी कार्यको अनुमोदन देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**देहायः-**

| संसोधित शीर्षक/ दफा/बुँदा/अनुसूची | संसोधन गर्नु पूर्वको व्यवस्था | संसोधित व्यवस्था |
|---|---|---|
| दफा ५९(१) क | कम्तिमा स्नातक उत्तिर्ण गरेको | कम्तिमा एस. एल.सी. /एस ई.ई. वा सो सरह उत्तिर्ण गरेको |
| दफा १४(१) | विवाद दर्ता दस्तुर तोकिएकोमा सोही बमोजिम तथा दस्तुर नतोकिएकोमा १००/- रुपैंया बुझाउनुपर्नेछ । | विवाद दर्ता दस्तुर तोकिएकोमा सोही बमोजिम, |
| दफा५३(२),र(५) | मिलापत्रको लागि निवेदन र मिलापत्रको दस्तुर नतोकिएको | मिलापत्रको लागि निवेदन र मिलापत्रको दस्तुर बापत अनुसुची ९ को लागि रु १००/-अनुसुची १० को लागि रु १०/- |

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं २२**

यस पुतलीबजार नगरपालिकाको विभिन्न आर्थिक वर्षको अन्तिम लेखापरिक्षण भई महालेखा परिक्षकको कार्यालयबाट प्राप्त आ.ब. २०७७/७८, २०७८/७९ र २०७९/८० को प्रतिवेदन सम्वन्धमा लेखा समितिबाट प्राप्त भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सम्वन्धित विषयका सम्वन्धमा संपरीक्षण गर्न महालेखा परिक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

<table>
<tr><th>प्रतिवेदनको दफा नं.</th><th>बेरुजूको व्यहोरा</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td></td><td>आ.ब. २०७९/८०</td><td></td></tr>
<tr><td>27</td><td>विद्युत महशुलमा जरिवानाः-विभिन्न करार सम्झौता तथा कानून अनुसार सिर्जित दायित्व समयमै भुक्तानी गर्नु करारीय पक्षको दायित्व हुन्छ । पालिकाले आ.व.२०७९/८० मा विद्युत महसुल वापतको रकम समयमै भुक्तानी नगरेकोले एकै आर्थिक वर्षमा भौ.नं. 493 र 1004 बाट विद्युत महसुल जरिवाना वापत रु.16,641 नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गरेको देखिन्छ । विद्युत महसुल समयमै भुक्तानी नगरेको कारण जरिवाना वापतको रकमले थप व्यायभार सिर्जना भएको छ ।समयमै विद्युत महशुल नतिरेको कारण दायित्व सिर्जना भई भुक्तानी भएको रकम अनियमित देखिएको रु. 16,641।-</td><td>कार्यालयको अनिवार्य दायित्व अन्तर्गत पर्ने विद्युत महसुल भुक्तानीमा तिर्नुपरेको जरिवाना वापतको रकम रु. १६,६४१।- लाई नियमित गर्न लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने ।</td></tr>
<tr><td>46</td><td>कार्यालयको काम उपभोक्ता समिति मार्फतः सार्वजानिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राहि समुदायवाट काम गराउन सकिने र लाभग्राही समुदाय भन्नाले निर्माण कार्यबाट लाभान्वित हुने स्थानिय समूह वा समुदाय सम्झनुपर्छ भनी परिभाषित गरेको छ । पालिकाले ५ नं वडा कार्यालय व्यवस्थापन खर्च उपभोक्ता समिति मार्फत काम गराई रु. ३,८८,०००।- भुक्तानी गरेको छ । सरकारी कार्यालयको व्यव्थापन सम्वन्धी काम उपभोक्ता समिति मार्फत गराउनु उचित देखिएन । आफ्नो कार्यालयको काम समेत उपभोक्ता समितिबाट गराई भुक्तानी गरेकोले अनियमित देखिएको रु. 3,88,000।-</td><td>पुतलीबजार नगरपालिकामा उक्त कार्यक्रम नरहेकोले उक्त कार्यक्रममा देखिएको वेरुजू रकम रु. 3,88,000।- लगतकट्टाको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने ।</td></tr>
<tr><td>54</td><td>पालिकासँग असम्वन्धित पुस्तक खरिदः अर्थ मन्त्रालयबाट जारी भएको सार्वजानिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड, 2078 को दफा 6 -३_ मा सरकारी निकायको कामसँग सम्वन्धित पुस्तक तथा पत्रपत्रिका मात्र खरिद गर्न पाइने व्यवस्था छ । पालिकाले देहायबमोजिमका पुस्तकहरु खरिद गरेकोमा उक्त पुस्तकहरु कार्यालयसँग सम्वन्धित रहेको भन्ने स्पष्ट आधार देखिदैन । कार्यालयको काम कारवाहिसँग असम्वन्धित खर्च अनियमित देखिएको रु.60,000।-<br><br>
<table>
<tr><th>भौचर नं. र मिति</th><th>पुस्तक</th><th>थान</th><th>मुल्य रु.</th></tr>
<tr><td>189, 2079/8/21</td><td>मेरो जिवनयात्रा यातना र पिडाको कथा</td><td>300</td><td>50,000</td></tr>
<tr><td>323, 2079/10/10</td><td>गर्न सिकौ मेल-बालगित तथा कविता सङग्रह_</td><td>67</td><td>10,000</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>60,000</td></tr>
</table>
</td><td>स्थानीय साहित्यकारहरुले स्थानीय कला संस्कृति र पहिचान झल्किने गरी पुस्तक प्रकाशन गरी नगरपालिकामा सहयोग स्वरुप खरिदका लागि अनुरोध गरेको र खरिद गरिएका पुस्तकहरुको भुक्तानी भएको रकम रु.60,000।- लाई नियमित गर्न लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने ।</td></tr>
</table>

चिरञ्जीवी पौडेल
नगर प्रशासकीय अधिकृत

तुलसी राम शर्मा
नगर प्रमुख

Scanned with CamScanner

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

55

**मापदण्ड विपरित बैठक भत्ताः-** गण्डकी प्रदेश खर्चको मापदण्ड 2079 को दफा ३ मा बैठक भत्ता प्रदान गर्ने आधारहरुमा बैठक सार्वजानिक बिदाको दिन वा कार्यालय खुलेको दिन कार्यालय समय अघि वा पछि बसेको हुनुपर्ने, स्पष्ट विषयवस्तु तथा कार्ययोजनाविना बसेको बैठकमा भत्ता प्रदान नगरिने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/ कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगरिने, कानून तथा कुनै निर्णय एवं आदेशबाट गठित समिति वा कार्यदलको बैठकका लागी मात्र भत्ताप्रदान गरिने, बैठकमा आवश्यकता अनुसार बढिमा ३ जना सम्म थप व्यक्ती राख्न सकिने व्यवस्था छ । यस पालिकाले कानूनद्दारा स्थापित नभएका विभिन्न समितिहरुको बैठक, समय नखुलाई बसेको बैठक, कार्यालय भित्रकै पदाधिकारी तथा कर्मचारी मात्र बसेको बैठक तथा आर्थिक संख्यामा थप व्यक्तिहरु राखी बैठक भत्ता भुक्तानी दिएको देखिंदा यसरी बैठक भत्ता दिनु मापदण्ड विपरित देखिएकोले पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्छ । यसरी मापदण्ड विपरित बैठक भत्ता वापत रकम भुक्तानी दिनु अनियमित देखिएको रु.11,80,000।-

| भौचर नं. | मिति | समिति | बैठक भत्ता रु. | व्यहोरा |
|---|---|---|---|---|
| ११ | 2079/05/05 | घरनक्सा पास तथा अभिलेखिकरण गर्ने सम्वन्धमा अनुगमन तथा निरिक्षण समिति | 63,000 | कानुन स्थापित नभएको, कार्यालयका कर्मचारी मात्रै बसेको बैठक, समय उल्लेख नभएको । |
| ८४ | 2079/06/14 | करार कर्मचारी छनौटको लागी बसेको बैठक | 49,000 | कार्यालयका कर्मचारी मात्रै बसेको बैठक, आमन्त्रित सदस्यका रुपमा कार्यालयकै कर्मचारीहरु, आमन्त्रित सदस्य ५ जना सम्म । |
| १०१ | 2079/06/26 | बोलपत्र मुल्याङ्कन समिति | 1,35,000 | ७ जना आमन्त्रित सदस्य |
| १४३ | 2079/07/06 | घरनक्सा पास तथा अभिलेखिकरण अनुगमन समितिको | 40,000 | समय उल्लेख नभएको, कार्यालयका कर्मचारी मात्रै |

कार्यालयको विभिन्न कामको सिलशिलामा गर्नुपर्ने महत्वपूर्ण निर्णयहरुको लागि विभिन्न समयमा विभिन्न विषयगत समितिको बैठक भत्ता वापत भुक्तानी भएको रकम **रु.११,८०,०००।-**लाई नियमित गर्न लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने ।

चिरञ्जीवी पो[illegible]
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम [illegible]
नगर प्रमुख

Scanned with CamScanner

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | बैठक | | | | |
| | ३५० | 2079/10/17 | बोलपत्र मुल्याङ्कन समिति/ आर्थिक विकास समिति/राजश्व परामर्श समिति/ आन्तरिक लेखा परिक्षणको प्रतिवेदन सम्वन्धमा बैठक | 4,57,000 | सार्वजानिक खरिद नियमावलीको नियम १४७ बमोजिम समिति गठन भएको नदेखिएको प्रशासन शाखा प्रमुख, योजना शाखा प्रमुख समेतलाई सदस्यको रुपमा राखिएको ३ जना भन्दा बढि थप व्यक्तिहरु/ समय उल्लेख नभएको,१० जना सम्म थप व्यक्तिहरु/समय उल्लेख नभएको ३१ जनाको उपस्थिति। | | |
| | 388 | 2079/10/26 | सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीबाट वितरण गर्ने कार्यको लागी बसेको बैठक | 1,04,000 | कानून स्थापित नभएको /समय उल्लेख नभएको। | | |
| | 402 | 2079/11/03 | घरनक्सा पास तथा अभिलेखिकरण गर्ने सम्वन्धमा अनुगमन तथा निरिक्षण समिति | 66,000 | कानून स्थापित नभएको /समय उल्लेख नभएको/कार्यालयका कर्मचारी मात्रै। | | |
| | 539 | 2079/12/13 | घरनक्सा पास | 1,13,000 | कानून स्थापित | | |

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम श्रेष्ठ
नगर प्रमुख

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

| | | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| | | २०तथा अभिलेखिकरण गर्ने सम्वन्धमा अनुगमन तथा निरिक्षण समिति | | नभएको /समय उल्लेख नभएको/कार्यालय का कर्मचारी मात्रै। |
| 571 | 2079/12/16 | स्थानिय स्तरको अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण समिति | 96,900 | समय उल्लेख नभएको /10 जना सदस्य रहेको / सदस्य र आमन्त्रित स्पष्ट नखुलेको/ महिनामा ११ वटा बैठक |
| 1041 | 2080/03/24 | राजश्व परामर्श समिति/ व्यावसाय दर्ता तथा नविकरण सम्वन्धी अन्योलबारे अन्तरक्रिया कार्यक्रम | 56,100 | ९ जना सम्म थप व्यक्तिहरु/ समय उल्लेख नभएको /35 जना उपस्थित |

58

**लघुउद्यम विकास कार्यक्रमः-**

58.1 गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम निर्देशिका 2077 को दफा 39मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी यस्ता उत्पादन सामाग्रिहरुप्रशिक्षण अवधीभित्रै परल मुल्यको ५०% छुट मुल्यमा सहभागीलाई नै विक्रि गरी प्राप्त रकम राजश्व दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्न तालिममा नगर लघुउद्यम समितिको निर्णय बमोजिम उत्पादित मालसामानहरुलाई सहभागीलाई ५०% मुल्यमा विक्रि नगरी निशुल्क हस्तान्तरण गरेकोले बढि भुक्तानी भएको उक्त रकम अनियमित देखिएको रु.36955।-

| गो. भौ. नं.र मिति | विवरण | विल अनुसारको रकम | ५० % बढि रकम |
|---|---|---|---|
| 205/2080-03-11 | गुडीया तथा डल कुशनको स्तरोन्नती तालिममा | 43,910 | 21,955 |
| 137/2080-01-21 | मौरीको प्राविधिक सिप | 30,000 | 15,00 |

लघुउद्यम विकास कार्यक्रम अन्तर्गत गरिबी निवारणका लागि डल कुशनको स्तरोन्नति तालिम तथा मौरी प्राविधिक सिप विकास तालिममा अनियमित देखिएको रु.**36,955।**-लाई नियमित गर्न लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने।

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम र...
नगर प्रमु...

| | | |
|---|---|---|
| विकास तालिम | | 0 |
| जम्मा | | 36,955 |

73 **दरवन्दी बेगरको विद्यालय सहयोगीः-** कार्यक्रम कार्यान्वयन पुस्तिका 2079/80 अनुसार माध्यामिक तह संचालित विद्यालयमा १ जना विद्यालय कर्मचारी १ जना कार्यालय सहयोगी र १ जना वाल विकास सहजकर्ता रहने साथै कक्षा १ देखि ८ संचालित विद्यालयमा १ जना विद्यालय सहयोगी र १ जना वालबिकास सहजकर्ताको दरबन्दी रहने व्यवस्था छ । निम्न विद्यालयमा कानुन अनुसारको दरवन्दी भन्दा बढि संख्यामा विद्यालय कर्मचारी, सहयोगी र बालविकास सहजकर्ता भर्ना गरी तलब भुक्तानी गरेको छ । दरवन्दी बेगरको कर्मचारीलाई तलब भुक्तानी गरेको अनियमित देखिएको रु.**852000।-**

| विद्यालय संख्या(समायोजन पछिको विद्यालय) | हुनुपर्ने विद्यालय सहयोगी संख्या | हुनुपर्ने विद्यालय बालविकास सहजकर्ता संख्या | भएको सहयोगी संख्या | भएको विद्यालय बालविकास सहजकर्जा संख्या | दरवन्दी भन्दा बढी संख्या(सहयोगी र सहजकर्ता) | एकमुष्ट कुल तलब भुक्तानी (बैशाख र जेठ) |
|---|---|---|---|---|---|---|
| ४७ | ४७ | 68 | 69 | 74 | 28 | 852000 |
| **जम्मा** | | | | | | **852000** |

नगरपालिकाले लिएको निति बमोजिम विद्यालय मर्ज र दरबन्दी समायोजन गर्ने क्रममा समस्या देखिएको र दरबन्दी भन्दा थप विद्यालय सहयोगी कर्मचारी र सहजकर्ता रहन पुगेको र विद्यालयभन्दा बढि कर्मचारीलाई सेवाबाट हटाउन नमिल्ने गरी शिक्षा तथा मानव विकास केन्द्रको आ.व 2078/79 मा च.न.243 को मिति 2078/12/22 मा पत्राचार गरेको हुँदा बेरुजू उल्लेख गरिएको रकम रु.**8,52,001-**लाई नियमित गर्न लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने ।

**आ.व.2078/79**

22 **प्रोत्साहन रकमः**

मिति 2078/7/25 गते नगरकार्यपालिकाले दरवन्दी मिलानका लागी स्वेच्छिक अवकाश योजना कार्यान्वयनका लागी शुरु तलब स्केलको ४ महिना बराबरको तलब एकमुष्ठ प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरेकोमा अवकाश रोजेका २५ शिक्षकलाई प्रोत्साहन स्वरुप रकम रु.३१,४४,६४० आधारभुत तहका शिक्षकको तलबभत्ता वापत संघिय सरकारको अनुदानबाट भुक्तानी भएकोले सघिय सरकारलाई थप व्यायभार परेको रु.**३१,४४,६४०।-**

पालिकाभित्र स्विकृत दरवन्दीमा रहेका स्थायी शिक्षकहरुको तलब भत्ताको व्यवस्थापन संघिय सरकारको दायित्व अन्तर्गत पर्ने हुँदा संघिय सरकारको अनुदानबाट भुक्तानी गरिएको बेरुजू रकम **रु.31,44,640।-** नियमितताको लागि लेखा समितिबाट पेश भएको निर्णयलाई अनुमोदन गर्ने तथा संपरीक्षणको लागि मलेप समक्ष अनुरोध गर्ने

33 **सोझै खरिदः**

सार्वजानिक खरिद ऐन, 2063 को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजानिक खरिद नियमावलीमा रु.5 लाख सम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने रु.5 लाख भन्दा माथी रु.20 लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र

अनपेक्षित रुपमा आई परेका प्राकृतिक विपद तथा सिर्जित समस्या समाधान गर्नुपर्ने र पालिकाले विपदमा आफ्नो

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसीराम
नगर प्रमुख

Scanned with CamScanner

पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

<table>
<tr>
<td></td>
<td>सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।साथै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एंव एउटा आपुर्तिकर्तासँग एकपटक भन्दा बढि सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यो वर्ष विभिन्न शिर्षकबाट तार जाली खरिद गरेकोमा ५लाख भन्दा बढिको समेत सोझै खरिद गरेको पाइयो । यसरी सोझै खरिद गर्दा खरिदमा प्रतिस्पर्धा कम हुने देखिन्छ । पालिकाले खरिद कार्य गर्दा प्रतिस्पर्धा हुने गरी नियमानुसार सिलबन्दी दरभाउपत्र वा बोलपत्रमार्फत खरिद गर्नुपर्नेमा सोझै गरेकोले उक्त रकम अनियमित देखिएको रु.10,00,197।-
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विक्रेताको नाम</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td>854/2079/3/24</td><td>एन.पि.ग्याविन जि.आई.कम्पनी</td><td>तारजाली</td><td>2,76,337</td></tr>
<tr><td>104/2078/7/12</td><td>बेलारे जारजाली उद्योग</td><td>तारजाली</td><td>2,49,916</td></tr>
<tr><td>25/2078/10/21</td><td>बेलारे जारजाली उद्योग</td><td>तारजाली</td><td>2,60,476</td></tr>
<tr><td>386/2078/12/5</td><td>एन.पि.ग्याविन जि.आई.कम्पनी</td><td>तारजाली</td><td>38,996</td></tr>
<tr><td>553/2079/1/25</td><td>एन.पि.ग्याविन जि.आई.कम्पनी</td><td>तारजाली</td><td>1,74,472</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>10,00,197।-</td></tr>
</table>
</td>
<td>उपस्थिति जनाउन तथा विपद रोकथामका निम्ति पहल गर्नुपर्ने हुँदा विपदसँग सम्वन्धित सामाग्रिहरु सोझै खरिद गरिएको तथा स्थानिय सप्लायर्सबाट तत्काल सामाग्री उपलब्ध हुने हुँदा गरिएको सामाग्री खरिद रकम रु.10,00,197।- लाई नियमित गर्न लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने ।</td>
</tr>
<tr>
<td></td>
<td>आ.व.२०७७/७८</td>
<td></td>
</tr>
<tr>
<td>२४</td>
<td>प्रोत्साहनभत्ताः<br>सार्वजानिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड, 2077 को दफा 6 (4) मा सार्वजानिक निकायमा कार्यरत कर्मचारीलाई साविकमा प्रदान गरिंदै आएको पोशाक खर्च, स्थानिय भत्ता, अतिरिक्त समय काम गरेको भत्ता, विशेष भत्ता लगाएतका कुनै प्रकारको भत्ता प्रदान गर्न नमिल्ने उल्लेख छ । पालिकाले नगरसभा तथा कोभिडको समयमा अतिरिक्त समय काम गरेवापत जम्मा ११९ जनालाई २० दिनको दामासाहिले जम्मा रु. 9,61,290।- भुक्तानी दिएको पाइयो । यसरी मापदण्ड विपरित भएको खर्चबाट स्थानिय सरकारलाई थप व्यायभार परेको रु.9,61,290।-</td>
<td>विश्वमा नै महामारीको रुपमा फैलिएको कोभिड -19 को लागी खटिएका स्वास्थ्यकर्मीहरु सेवा प्रवाहलाई निरन्तरता एंव प्रभावकारी बनाउन प्रोत्साहन स्वरुप सुविधा प्रदान गरिएको तथा नगरसभामा विहान वेलुका खटिएका कर्मचारीहरुलाई अतिरिक्त भत्ता स्वरुप भुक्तानी गरिएको रकम रु.9,61,290।-लाई नियमित गर्न लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने ।</td>
</tr>
<tr>
<td>25</td>
<td>शिर्षक फरक पारी खर्च भएकोः</td>
<td>सर्शत अनुदान अन्तर्गत प्राप्त</td>
</tr>
</table>

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रे
नगर प्र

| | | |
|---|---|---|
| | अन्तर सरकारी वित्त व्यावस्थापन ऐन,2074 को दफा ९ ले स्थानिय तहलाई शसर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिका अन्तर्गत कोल्मा बराहचौर सामुदायिक विद्यालय वडा नं. 9 लाई पालिकाले पुस्तक खरिदका लागी रु. 1,90,000।- अनुदान दिएकोमा रु.25,000।- को पुस्तक खरिद गरी बाँकि रकम अतिरिक्त कक्षा संचालन गरेको भनी रु 1,65,000।- सात शिक्षक र एक कार्यालय सहायकले भुक्तानी लिएको पाइयो। यसरी शिर्षक फरक पारी भएको खर्च अनियमित देखिएको **रु. 1,65,000।-** | योजना तथा कार्यक्रम तोकिए बमोजिमको शर्तहरुको पालना गरी संचालन गर्ने तथा खर्च भैसकेको रकम रु. **1,65,000।-लाई** नियमित गर्न लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने। |
| २७ | **स्विकृत दरवन्दी बेगरको करार सेवाः**<br>संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले 2074/12/14 मा जारी स्थानिय तहमा करारमा जनशक्ती व्यवस्थापन गर्ने कार्यविधी, 2074 मा स्वीकृत दरवन्दी भन्दा अन्य रुपमा कर्मचारीहरु राखि तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने साथै नेपाल सरकारले जारी गरेको सार्वजानिक खर्चमा मितव्ययीता कायम गर्ने सम्वन्धी मापदण्ड, 2077 को दफा ४(२) मा सार्वजानिक निकायले स्वीकृत दरवन्दी भित्रको कार्यालय सहयोगी र सवारी चालक पदमा बाहेक ज्यालादारी वा करारमा थप आर्थिक दायित्व सिर्जना हुने गरी नियुक्ती गर्न नपाईने व्यवस्था गरेको छ। पालिकाले उल्लेखित मापदण्ड तथा मन्त्रालयबाट जारी भएको उपरोक्त कार्यविधिमा उल्लेखित विपरितको ३ पदमा जम्मा २२ जनालाई मासिक रु 5,98,140 का दरले दसै खर्च समेत १३ महिनाको जम्मा रु.**77,75,820।-** भुक्तानी भएको रकम अनियमित देखिएको **रु. 77,75,820।-** | कार्यालयको कार्यबोझको आधारमा कार्यालयको कार्यसम्पादनमा प्रभावकारिता ल्याउने उदेश्यले सेवा करारबाट कर्मचारीहरुलाई काममा लगाए बापत तलब भत्ता को भुक्तानी भएको रकम रु.**77,75,820।-** नियमित गर्न लेखा समितबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा त्यस पछिका आ.व हरुमा दरबन्दी बेगर कर्मचारी भर्ना नगरिएकोलेसो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने। |
| ३२ | **सोझै खरिदः**<br>सार्वजानिक खरिद ऐन, 2063 को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजानिक खरिद नियमावलीमा रु.5 लाख सम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने रु.5 लाख भन्दा माथी रु.20 लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।साथै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एंव एउटा आपुर्तिकर्तासँग एकपटक भन्दा बढि सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले देहाय बमोजिम निर्माण कार्य एंव फर्निचर खरिद कार्य प्रतिस्पर्धात्मक रुपले नगरी सोझै खरिद गरेको देखिएकोले उक्त रकम अनियमित देखिएको रु.**24,18,907।-**<br><br><table><tr><th>गो.भौ.नं./मिति</th><th>खरिदको विवरण</th><th>आपुर्तिकर्ता/निर्माण व्यावसायी</th><th>रकम</th></tr><tr><td>711-2078/3/30</td><td>कार्यालय परिसरमा स्टोर निर्माण</td><td>सौजन कन्स्ट्रक्सन</td><td>4,95,342</td></tr></table> | कार्यालयको कार्यसंचालनको क्रममा तत्काल आवश्यकता महशुस भई कार्यालयको आवश्यकताका आधारमा पटक पटक खरिद गर्नु परेको बाध्यतात्मक परिस्थिति बमोजिम भएको खरिद र सो बापतको भुक्तानी रकम रु. **24,18,907।-** लाई नियमित गर्न लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने। |

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| 710-2078/3/30 | कार्यालय परिसरमा शौचालय र क्वाटर रंगरोगन | सत्य निर्माण सेवा | 4,26,353 |
| 707-2078/3/30 | फर्निचर तथा फिक्चर्स | नेशनल फर्निचर | 1,38,990 |
| | | रेग्मी फर्निचर | 3,69,599 |
| 654-2078/3/24 | फर्निचर तथा फिक्चर्स | नेशनल फर्निचर | 489,,290 |
| 302-2078/12/30 | फर्निचर तथा फिक्चर्स | अशोक काष्ठ | 4,99,433 |
| **जम्मा** | | | **24,18,907** |

50

**लागत अनुमानः**

सार्वजानिक खरिद ऐन, 2063 को दफा ५ मा सार्वजानिक निकायले एक लाख भन्दा बढि रकमको परामर्श सेवाको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने तथा खरिद नियमावली, 2064 को नियम ९ को अधिनमा रहि नियम १२ बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले निम्न परामर्शदाताहरुसँग आर.एफ.पी. माग गरी क्यू.सि.वि.एस. विधिबाट मूल्याङ्कन गरी खरिद संझौता गरि कार्य गरेकोमा पालिकाले सो कार्यको लागत अनुमान नै तयार नगरी परामर्श सेवाबाट काम गरेको पाइयो । लेखापरिक्षणको क्रममा भएको कार्यको प्रतिवेदन माग भएकोमा सो समेत उपलब्ध नभएकोले संझौता बमोजिम कार्य भए नभएको एकिन हुन सकीएन । यसरी ऐन तथा नियमावली विपरित लागत अनुमान नै नगरी संझौता गरी भुक्तानी भएको अनियमित देखिएको रु.**23,62,303**।-

| सि.न | योजनाको नाम | परामर्शदाताको नाम | संझौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| 1 | त्रिवेणीधाम पर्यटकीय क्षेत्र DPR | श्रेष्ठ कन्सल्टेन्ट प्रा.ली. | 975000 | 682500 |
| 2 | पर्यटन पूर्वाधार DPR | सिभिल लिंक इन्जिनियरिङ | 1387803 | 1387803 |
| **जम्मा** | | | **2362303** | **2070303** |

नगरपालिकाको गौरवका आयोजना , पुर्वाधार निर्माणको लागी आवश्यक भई तयार भएका DPR र सो वापत भैसकेको भुक्तानी रु. **23,62,303**।लाई नियमित गर्न लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने ।

86

**स्विकृत कार्यक्रम विपरितको खर्चः**

अर्थ मन्त्रालयको च.न. 267, 2077/2/19 को आर्थिक वर्ष 2077/78 को अन्तर सरकारी वित्तिय हस्तान्तरण सम्वन्धी व्यवस्था र मार्गदर्शनको बुँदा नं. ५ मा शर्सत अनुदान वापत हस्तान्तरण भएको रकम जुन योजना वा कार्यक्रमको लागी प्राप्त भएको हो सोहि योजना तथा कार्यक्रमको लागी खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले शर्सत अनुदान कार्यक्रम अन्तर्गत आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माणको लागी बजेट विनियोजन भएकोमा निम्नानुसार कार्यमा खर्च गरेको देखिएकोले कार्यक्रम विपरित खर्च लेखेको रकम अनियमित देखिएको रु.**5,57,345**।-

| बजेट विनियोजन गरेका | खर्च भएको शिर्षक | रकम |
|---|---|---|

नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरु तथा कार्यालयको आवश्यकता पूरा गर्ने क्रममा भएको खर्च र भुक्तानी भैसकेको रकम रु. **5,57,345**।- लाई नियमित गर्न लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधि...

तुलसी राम रे...
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम | | | लाई अनुरोध गर्ने। |
| | आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण | वडा नं. ३ शहरी स्वास्थ्य केन्द्रलाई भाडाकुँडा खरिद | 59,580 | |
| | | नगरपालिकामा कार्पेट पर्दा लगायतका खरिद | 4,97,765 | |
| | | **जम्मा** | **5,57,345।-** | |
| 91 | **घटि दरमा कर संकलन भएकोः**<br>गण्डकी प्रदेश सरकारले जारी गरेको गण्डकी प्रदेश आर्थिक ऐन, २०७७ को अनुसूची ६ मा रोडा, ढुंगा, गिट्टी, चिप्स, ग्रेगन, चट्टानको संकलन दर प्रति क्यूफिट रु.7 निर्धारण गरेको छ । गण्डकी प्रदेश सरकारबाट जारी भएको ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन क्रसिङ र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५ को दफा ९ मा उक्त सामानको दररेट प्रदेश सरकारले तोके बमोजिम हुने व्यवस्था रहेको छ । पालिकाले यस आ.व मा आय ठेक्का लगाएका निम्न घाटहरुमा प्रदेश सरकारले तोकेको प्रति क्युफिटको दर रु.7 नराखी न्युनतम रकम निर्धारण गरी नदिजन्य पदार्थ विक्रीको लागी ३ घाटको आय ठेक्का लगाई मू.अ.कर बाहेक रु.**11,7,33,000।-** आम्दानी प्राप्त गरेको देखियो । पालिकाले प्रदेश सरकारले निर्धारण गरेको प्रति क्यूफिट रु.7 दर राखी राजश्व संकलन गर्नुपर्नेमा सो नगरी प्रति क्यूफिटर रु.7 भन्दा कम दरले संकलन गरेकोले नगरपालिकाले रु.**73,51,614।-** को मु.अ.कर समेत रु.**83,07,323।-** ले घटि आम्दानी गरेको देखिन्छ । पालिकाले सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाई राजश्व आम्दानी बढाउनुपर्ने देखिएको रु. **83,07,323।-** | | | तत्कालीन समयमा प्रदेश सरकारबाट आर्थिक ऐन पारित नभएको अवस्थामा आयठेक्का बन्दोवस्त गरिएको र पछिल्ला दिनमा गण्डकी प्रदेश सरकारको आर्थिक ऐनमा उल्लेखित दरमा नै आयठेक्का वन्दोवस्त गरिदै आएकोले उल्लेखित बेरुजू रु. **83,07,323।-** लाई नियमित गर्न लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने। |

| घाटको नाम | व्यवसायी को विवरण | उत्खनन् को अनुमती दिएको परिमाण | न्युनतम मूल्याङ्कन भएको रकम | न्यूनतम मुल्याङ्कन हुनुपर्ने रकम | घटि मुल्याङ्कन भ रकम |
|---|---|---|---|---|---|
| आँधिखोला सेतिदोभान -दुलेरह- पुतलीखेत सम्म | पोखरा कन्स्ट्रक्सन प्रा.लि. | 50637 | 200882 | 354456 | 153574 |
| आँधीखोलाको छिंडी देखि हेलु न.पा. क्षेत्र सम्म | सिद्द्वावा निर्माण सेवा | 2298508 | 9118567 | 16089558 | 6070991 |
| सुरौदिखोला- | दिनेश कन्स्ट्रक्स | 73015 | 284056 | 511105 | 227049 |

तुलसी राम रेग्मी
नगर प्रमुख

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्युरीदोभान खोला | न | | | | | | |
| | जम्मा | | 2422160 | 9603505 | 16955119 | 7351614 | | |
| 94 | **ढुंगा, गिट्टी, वालुवाः** सार्वजानिक खरिद ऐन, 2063 को दफा ५ मासार्वजानिक निकायले एक लाख भन्दा बढि रकमको परामर्श सेवाको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने तथा खरिद नियमावली, 2064 को नियम ९ को अधिनमा रहि नियम १२ बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले पालिका अन्तर्गतको नदि तथा खोला बगरहरुको ढुंगा, गिट्टि, वालुवा संकलन तथा उत्खनन कार्यको प्रारम्भिक वातावरण परिक्षण तयारी कार्यको लागि इन्टिग्रेटेड डेपलभमेन्ट एणंड म्यानेजमेन्ट प्रा.लि. सँग रु.2,26,621।- मा संझौता गरी सोहि अनुरुप भुक्तानी भएको छ । उक्त कार्यका लागी पालिकाले लागत अनुमान तयार गरेको पाइएन । यसरी ऐन तथा नियमावलीमा भएको व्यवस्थाको विपरित हुने गरी भएको खर्च अनियमित देखिएको रु. **2,26,621।-** | | | | | | | नगरपालिकाले वातावरण संरक्षण कार्यलाई प्रभावकारी बनाउन सेवा तथा परामर्श लागि आवश्यक भई तयार भएका DPR र सो वापत भैसकेको भुक्तानी रु. **2,62,303।-** लाई नियमित गर्न लेखा समितिबाट पेश भएको प्रतिवेदन अनुमोदन गर्ने तथा सो सम्वन्धमा संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय लाई अनुरोध गर्ने । |

**निर्णय नं. २३:**

यस नगरपालिका अन्तर्गतका विभिन्न प्रकृतिका जग्गाहरुमा भू उपयोग नियमावली, २०७९ बमोजिम जग्गा वर्गीकरण भूमि कर तथा सम्पत्ति करको पुनःमुल्यांकन, पुनरावालोकन र समायोजन २०७२ साल देखि साविक बमोजिमनै रहदै आएकोमा हालको राज्य पुन: संरचना, पूर्वाधार विकासको अवस्था तथा जग्गाको प्रकृति समेतलाई मध्येनजर गरी आर्थक ऐन २०८१ को अनुसूची ५ मा उल्लेख भए बमोजिम जग्गा वर्गीकरण, दर र दायरा निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४:**

पन्ध्रौ नगरसभाको वैठक आज २०८१ आषाढ ९ गते दिनको ४:२५ बजे अन्त्य गरियो ।

चिरञ्जीवी पौडेल
प्रमुख प्रशासकीय अ...

तुलसी राम ...
नगर प्रमुख

Scanned with CamScanner